

# "डिजिटल भुक्तानी" मार्फत ज्याला प्राप्त

## गर्दाको आवश्यक प्रक्रियाहरू

कामदारहरूको लागि

जापानको श्रम मापदण्ड ऐन अनुसार सैद्धान्तिक रूपमा ज्याला नगदमा दिनुपर्ने भए पनि कामदारको सहमतिमा बैंक खातामा पारिश्रमिक हस्तान्तरण गर्न स्वीकृति दिइएको छ। क्यासलेस भुक्तानीको विस्तार र रेमिटेन्स साधनको विविधीकरणको आवश्यकताहरू पूरा गर्न, यदि कर्मचारीहरू सहमत छन् भने स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रीले तोकेको रकम स्थानान्तरण प्रदायकहरू (जस्तै ●●Pay) को खातामा ज्याला (डिजिटल ज्याला भुक्तानी) भुक्तानी गर्न अब अनुमति दिइएको छ।



डिजिटल ज्याला भुक्तानी प्रणाली बारे विवरण र स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रीले तोकेको रकम स्थानान्तरण प्रदायकहरूको बारेमा थाहा पाउनको लागि, कृपया स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेबसाइटमा 'जानकारी सामग्री' तथा 'निर्दिष्ट रकम स्थानान्तरण प्रदायक सूची' हरू हेर्नुहोस्।

स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय वेबसाइट

## 1 डिजिटल भुक्तानी मार्फत ज्याला प्राप्त गर्नका लागि

**★हामीले यस पर्चामा, आफ्नो ज्याला डिजिटल भुक्तानी मार्फत प्राप्त गर्न चाहनु हुने कामदारहरूले बुझ्न र प्रतिक्रिया पाउन चाहेको जानकारीहरू संक्षेपमा प्रस्तुत गरेका छौं।**

- डिजिटल भुक्तानी मार्फत ज्याला प्राप्त गर्नको लागि, तपाईंले काम गर्ने कम्पनीले डिजिटल ज्याला भुक्तानी सम्बन्धी श्रम-व्यवस्थापन सम्झौता* गरेको हुनु आवश्यक छ। साथै, श्रम-व्यवस्थापन सम्झौताले तपाईंले काम गर्ने कम्पनीमा प्रयोग गर्न सकिने रकम स्थानान्तरण प्रदायकहरू तोकिएको हुन्छ।

•श्रम व्यवस्थापन सम्झौता, बहुसंख्यक श्रमिकहरू मिलेर बनेको श्रमिक युनियन भएमा त्यो श्रमिक युनियन , बहुसंख्यक श्रमिकहरू मिलेर बनेको श्रमिक युनियन नभएमा बहुसंख्यक श्रमिकहरूको प्रतिनिधित्व गर्ने व्यक्तिसँग रोजगारदाताको सम्झौता हुनेछ।



डिजिटल ज्याला भुक्तानी प्रयोग नगरिएको कम्पनीमा काम गर्नुहुने तपाईंहरु,डिजिटल भुक्तानी मार्फत ज्याला प्राप्त गर्न चाहनुहुन्छ भने, वा प्रयोग गर्न चाहानु भएको निर्दिष्ट रकम स्थानान्तरण प्रदायकहरू श्रम-व्यवस्थापन सम्झौतामा समावेश गरिएको छैन भने, कृपया तपाईंको कम्पनी वा श्रमिक युनियनसँग परामर्श लिनुहोस्।

### ⚠ कृपया ध्यान दिनुहोस्

- डिजिटल ज्याला भुक्तानी प्रयोग गर्नमा कुनै जबरजस्ती छैन। साथै, यदि कामदारहरूले प्रयोग गर्न चाहँदैनन् भने, उनीहरूले पहिले जस्तै बैंक खाता आदि मार्फत आफ्नो ज्याला प्राप्त गर्न सक्छन्।
- ज्यालाको केही अंश डिजिटल रूपमा प्राप्त गरी, बाँकी बैंक खाताबाट सामान्य रूपमा प्राप्त गर्न सक्नुहुन्छ।
- ज्याला डिजिटल रूपमा भुक्तानी  छनौट गर्नुभयो भने पनि, तपाईंले पछि आफ्नो ज्याला बैंक खाता आदिमा प्राप्त गर्ने विधि परिवर्तन गर्न सक्नुहुन्छ।

# आवश्यक प्रक्रियाहरूको चरण

- आफ्नो ज्याला डिजिटल रूपमा प्राप्त गर्न चाहनुहुन्छ भने, आवश्यक प्रक्रियाहरु निम्नानुसार छन्:

  ① प्रत्येक निर्दिष्ट रकम स्थानान्तरण प्रदायकको सेवा विवरणको जाँच

  ②रोजगारदातासँगको व्यक्तिगत सहमति, आदि

  ③निर्दिष्ट रकम स्थानान्तरण प्रदायकसँग प्रयोगको लागि आवेदन




## 1 प्रत्येक निर्दिष्ट रकम स्थानान्तरण प्रदायकको सेवा सामग्रीको जाँच

- श्रम-व्यवस्थापन सम्झौतामा निर्दिष्ट गरिएका मध्ये कुन रकम स्थानान्तरण प्रदायकको सेवा प्रयोग गर्न चाहनु हुन्छ सोच-विचार गरौं। सेवा सामग्री निर्दिष्ट रकम स्थानान्तरण प्रदायकको सेवाको आधारमा विवरण फरक हुन्छ, त्यसैले विचार गर्दा प्रत्येक निर्दिष्ट रकम स्थानान्तरण प्रदायकको वेबसाइटमा विवरणहरू जाँच गर्नुहोस्। साथै, धेरै वटा निर्दिष्ट रकम स्थानान्तरण प्रदायकहरू चयन गर्न पनि सक्नु हुनेछ।

### निर्दिष्ट रकम स्थानान्तरण प्रदायकको बारेमा विचार गर्दाको कुराहरू

■ **तलब प्राप्त गर्ने खातामा स्वीकार गर्न सकिने अधिकतम रकम तय गरिएको छ।**

निर्दिष्ट रकम स्थानान्तरण प्रदायकको आधारमा स्वीकार गर्न सकिने अधिकतम रकम भिन्न हुन्छ। यदि स्वीकार गर्न सकिने अधिकतम रकम नाघेको छ भने, अतिरिक्त रकम स्वचालित रूपमा तपाईंले पहिलेनै तोकेको बैंक खाता (निर्दिष्ट वैकल्पिक खाता) मा पठाइने छ।

साथै, निर्दिष्ट वैकल्पिक खातामा स्वचालित रूपमा पठाइने रकमको शुल्कको जिम्मेवार तपाईं आफै हुन सक्नेछ।

■ **खाताको रकमलाई नगदमा रूपान्तरण गर्ने (भुक्तानी निकासी) विधि र शुल्क जाँच गरौं।**

ATM वा बैंक खातामा पैसा निकालेर आफ्नो खाताको रकमलाई नगदमा रूपान्तरण गर्न (भुक्तानी निकासी) सक्नुहुन्छ, र आफ्नो खाताबाट महिनामा कम्तीमा एक पटक कुनै शुल्क बिना पैसा निकाल्न सक्नुहुन्छ।

साथै, पैसा निकाल्ने ठाउँमा लाग्ने तथा दोस्रो पटक देखि लाग्ने शुल्क निर्दिष्ट रकम स्थानान्तरण प्रदायकको आधारमा भिन्न हुनेछ।

## 2 रोजगारदातासँगको व्यक्तिगत सहमति, आदि

- रोजगारदाता (वा निर्दिष्ट रकम स्थानान्तरण प्रदायक) बाट डिजिटल ज्याला भुक्तानी सम्बन्धि आवश्यक कुराहरूको स्पष्टीकरण प्राप्त गरेपछि, कृपया रोजगारदातालाई डिजिटल ज्याला भुक्तानीको लागि तपाईंको लिखित सहमति पेश गर्नुहोस्। साथै, सहमतिको साथमा, आफ्नो रोजगारदातालाई तपाईं आफैले निर्णय गर्नुभएको निम्न कुराहरू पनि प्रस्तुत गर्न आवश्यक हुनेछ।

(1)डिजिटल भुक्तानी मार्फत प्राप्त गर्न चाहनु भएको ज्याला दायरा र रकम

(2)निर्दिष्ट रकम स्थानान्तरण प्रदायक (सेवा) को नाम र ज्याला प्राप्त हुने खाता जानकारी
(उदाहरण: अकाउन्ट ID, खातावालाको नाम)

(3)भुक्तानी सुरु गर्न चाहेको समय

(4)बैंकको निर्दिष्ट वैकल्पिक खाता जानकारी, आदि



कृपया बुझ्नुहोस् कि निर्दिष्ट रकम स्थानान्तरण प्रदायकको खाताहरू ‘बचत’ गर्नका लागि नभएर, भुक्तानी र रेमिटेन्सका लागि हुन, र तपाईंले प्रयोग गर्दै आउनु भएको आधारमा तपाईंले भुक्तानी आदिको लागि वास्तवमा प्रयोग गर्ने अपेक्षा गरेको रकम सेट गर्नुहोस्।

## 3 निर्दिष्ट रकम स्थानान्तरण प्रदायकलाई प्रयोगको लागि आवेदन

- रोजगारदातासँग सहमति भएपछि, निर्दिष्ट रकम स्थानान्तरण प्रदायकको एप प्रयोग गरी डिजिटल ज्याला भुक्तानीको लागि आवेदन दिऔँ।
साथै, निर्दिष्ट रकम स्थानान्तरण प्रदायकसँग प्रयोगको लागि आवेदन दिएपछि आफ्नो रोजगारदातालाई सूचित गर्न आवश्यक हुन सक्छ।



निर्दिष्ट रकम स्थानान्तरण प्रदायक डुबेको खण्डमा खाता रकमको तुरुन्त प्रतिपूर्ति प्राप्त गर्न, प्रयोगको आवेदन प्रक्रियामा कामदार र ग्यारेन्टरसंस्था बीच एक **ग्यारेन्टी सम्झौता** हुनेछ।

**प्रक्रिया पूरा भएको छ।**
**कृपया अर्को पृष्ठको सामग्रीहरू पनि हेर्नुहोस्।**

साथै, निर्दिष्ट रकम स्थानान्तरण प्रदायकको आधारमा आवश्यक प्रक्रियाहरू फरक हुन सक्छन्।
विवरणहरूको लागि, कृपया प्रत्येक निर्दिष्ट रकम स्थानान्तरण प्रदायकको वेबसाइट हेर्नुहोस्।

## 2 निर्दिष्ट वैकल्पिक खाता जानकारी अपडेट गरी राख्नुहोस्

- निर्दिष्ट वैकल्पिक खाता भनेको बचत खाता हो जसमा स्वीकार गर्न सकिने खाता रकम अधिकतम सीमा नाघ्दा अतिरिक्त रकम स्वतः फिर्ता हुन्छ, र निर्दिष्ट रकम स्थानान्तरण प्रदायक डुबेमा खाता रकमको प्रतिपूर्ति प्राप्त गर्न सकिने एक महत्त्वपूर्ण खाता हो। यदि आफ्नो नाम थर फेरेर खाताको नाम परिवर्तन भएको छ, वा तपाईंले बचत खाता दर्ता गर्नुभएको छ जुन रद्द, आदिको कारणले अब मान्य छैन भने, स्वचालित निकासी वा प्रतिपूर्ति प्राप्त गर्न समय लाग्न सक्छ। त्यसैले आफ्नो निर्दिष्ट वैकल्पिक खाताको जानकारी नियमित रूपमा जाँच गरौं।
- यदि निर्दिष्ट वैकल्पिक खातामा कुनै परिवर्तन भएमा, कृपया निर्दिष्ट रकम स्थानान्तरण प्रदायकलाई सूचित गर्नुहोस्।

## 3 डिजिटल ज्याला भुक्तानी प्रयोग गर्न बन्द वा जागिर परिवर्तन वा छोड्नु भयो भने...

- रोजगारदाताको अतिरिक्त, निर्दिष्ट रकम स्थानान्तरण प्रदायकलाई पनि सूचित गर्न आवश्यक हुन सक्छ।
- ग्यारेन्टर संस्थासँग सम्पन्न ग्यारेन्टी सम्झौता पनि रद्द हुन सक्छ। रद्द गर्ने प्रक्रियाहरूको लागि, ग्यारेन्टर संस्थालाई सम्पर्क वा सूचित गर्न आवश्यक पर्न सक्छ।

  ※विस्तृत जानकारीको लागि निर्दिष्ट रकम स्थानान्तरण प्रदायकलाई सम्पर्क गर्नुहोस्।

## 4 कथम कदाचित केही भयो भने...

### ■ धोका, छलीको लेनदेन (अज्ञात निकासी आदि) घटना घटेमा

यदि खातावालाको गल्ती छैन भने, नोक्सान भएको सम्पूर्ण रकम क्षतिपूर्ति गरिनेछ। यद्यपि, निश्चित अवधि (जस्तै, नोक्सान भएको दिनबाट ३० दिन) भित्र निर्दिष्ट रकम स्थानान्तरण प्रदायकलाई सूचित गर्न आवश्यक हुन सक्छ। धोका छलीको लेनदेन घटना थाहा भएमा निर्दिष्ट रकम स्थानान्तरण प्रदायकलाई तुरुन्त सम्पर्क गर्नुहोस्।

### ■ निर्दिष्ट रकम स्थानान्तरण प्रदायक डुब्यो भने

ग्यारेन्टर संस्थासँग भएको ग्यारेन्टी सम्झौताको आधारमा, खाता रकम तुरुन्तै प्रतिपूर्ति गरिनेछ।
प्रतिपूर्ति गर्ने बेला, ग्यारेन्टर संस्थाले तपाईंको निर्दिष्ट वैकल्पिक खातामा पैसा पठाउन सक्छ, वा तपाईंले ग्यारेन्टर संस्थालाई अनुरोध गर्न आवश्यक पर्दछ।

※विस्तृत जानकारीको लागि निर्दिष्ट रकम स्थानान्तरण प्रदायक अथवा ग्यारेन्टर संस्थालाई सम्पर्क गर्नुहोस्।

मानव, जीवन र भविष्यको लागि
स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय